# ऐसेलुखर्क गाउँपालिका

# गाउँ कार्यपालिकाको

# बजेट आ.व. २०७४/०७५

कार्यपालिकाबाट स्वीकृत मितिः –२०७४/०४/०३ गते

ऐसेलुखर्क गाउँपालिका

खोटाङ

# बजेट आ.व. २०७४/०७५

**यस ऐसेलुखर्क गाउँपालिकाको आ.व.०७४/०७५ को वार्षिक वजेट सार्वजनिकीकरण समारोहमा उपस्थित हुनुभएका यस गाउँ कार्यपालिकाका आदरणिय अध्यक्ष ज्यू,गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु र हिमाल एफ.एम.बाट देशभर एवं विदेशमा सुनिरहनुभएका सम्पुर्ण आमा वुवा दाजुभाइ तथा दिदी बहिनीहरु,यस ऐसेलुखर्क गाउँपालिकाका सम्पुर्ण कर्मचारी,बुद्धिजीवी महानुभावहरु एवं सञ्चारकर्मी मित्रहरु ।**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीयता कार्यन्वयनको कोसेढुंगाको रुपमा रहको स्थानिय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिको हैसियतमा यस ऐसेलुखर्क गाउँपालिकाको वजेट प्रस्तुत गर्न पाउँदा म आफुलाई गौरवान्वित भएको महसुस गर्दछु र मुलुकलाई यस अवस्था सम्म ल्याईपुऱ्याउन आफ्नो प्राण आहुति दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते एवं बेपत्ता परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

मुलुकमा स्थानिय तहको निर्वाचन पश्चात विकास प्रति जनतामा आशाको किरण सञ्चार भएको छ ।हिजोको केन्द्रीकृत विकास प्रक्रियाले अवरोध गरेको विकासको गतिलाई भर्खरै सम्पन्न स्थानिय तहको निर्वाचन एवं नेपालको संविधानले विकासको अधिकार गाउा गाउँ एवं नगर नगर ल्याई पुऱ्याएको छ ।परिवर्तित सन्दर्भमा विकासका ढोकाहरु प्रसस्तै खुलेका छन र अवको विकासलाई सहभागितामुलक, समावेशी एवं परिणामउन्मुख बनाउँदै लानुपर्ने बाध्यता हामी जनप्रतिनिधिहरुको काँधमा जिम्मेवारी आएको छ ।

यी विद्यमान परिस्थितिहरुको परिधिभित्र रहेर म यस ऐसेलुखर्क गाउँपालिकाको भविष्यसँग जोडिएर आएको विकास र त्यसको कार्यन्वयनमा आवश्यक पर्ने वजेट लिएर यहाँहरुमाभm उपस्थित भएकी छु ।

**उपस्थित सम्पुर्ण महानुभावहरु ,**

अव म चालु आ.व. ०७४/०७५ को अनुमानित आय र व्यय प्रस्तुत गर्नु पुर्व गत आ.व. मा सञ्चालित योजना तथा कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

गत आ.व. ०७३/०७४ मा साविकका स्थानिय निकायले केन्द्रीय अनुदानबाट प्राप्त रकम मार्फत यस गाउँपालिकाको शिक्षा,सडक पुर्वाधार ,स्वास्थ्य,लक्षित बर्गको विकास,विद्युत,खानेपानी लगायतका क्षेत्रमा बजेट विनियोजन गरी विकास प्रकृया अगाडि बढाएको थियो ।कतिपय योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न नभएको कारणले तत्कालीन समयमा विनियोजित बजेट खर्च हुन नुसकी वडाहरुबाट एकमुष्ट रुपमा रु. ३१,०८,६६५/- गाउँपालिकाको सञ्चित कोषमा स्थानन्तरण भएको छ ।यसै गरी कृषि सेवाकेन्द्र,पशु सेवाकेन्द्र,स्वास्थ्य संस्था जस्ता विषयगत कार्यालयहरु गाउँपालिकामा समाहित हुनुपुर्व आ-आफ्नो क्षेत्राधिकार एवं जिम्मेवारी अनुरुप सेवा प्रवाह सञ्चालन भएको देखिन्छ ।

मिति २०७३/११/२७ गते देखि साविकका स्थानिय निकायको पुनर्गठन भई यस ऐसेलुखर्क स्थानिय तहमा समाहित भइसकेपछि समेत नयाँ संरचना अनुरुपका काम कर्तव्य एवं जिम्मेवारीहरु निर्वाह गरेको देखिन्छ ।संघीय संरचना पुर्वाधार विकास कार्यक्रम मार्फत केन्द्रबाट प्राप्त अनुदान **रु. ३२,००,०००/-**बाट गाउँपालिकाको केन्द्र व्यवस्थापन भईसकेको अवस्था छ र केन्द्रबाट प्राप्त थप अनुदान **रु. ४८,००,०००/-**कार्यालय व्यवस्थापनका लागि गाउँपालिकाको संचित कोषमा स्थानन्तरण भई आइसकेको छ । यसैगरी गत आ.व. मा विभिन्न गैससहरु बालसेवा समाज नेपाल,जी फाउण्डेशन,प्रयास नेपाल,जनसेवा समाज नेपाल लगायतका संघसंस्थाहरुले समेत साविकका स्थानिय निकायको प्रत्यक्ष समन्वय र साझेदारीमा विभिन्न योजना तथा कार्यक्रमहरु संचालन भएका छन र केही योजनाहरु यद्यपि जारी रहेको र सो को साझेदारीका लागि यस गाउँपालिकामा प्रस्ताव अनुमति समेत प्राप्त हुन आएको छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अव म आ.व. २०७४/०७५ को यस गाउँपालिकाको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**(१) सोंच**

यस ऐसेलुखर्क गाउँपालिकालाई १ नं. प्रदेशको पहाडी भुभागमा अवस्थित स्थानिय तहहरु मध्ये समुन्नत,समृद्ध एवं पुर्वाधारयुक्त सफा र स्वच्छ गाउँपालिकाको रुपमा स्थापित गर्ने,

**(२) लक्ष्य**

आ.व. ०७४/०७५ भित्र यस गाउँपालिकाको भौतिक एवं सामाजिक विकासमा आम नागरिकहरुले प्रत्यक्ष अनुभुति गर्ने स्थितिको सिर्जना गर्ने ,

**(३) उद्देश्य**

- यस ऐसेलुखर्क गाउँपालिकावासीले एक वर्षभित्र आफ्नो जीवनस्तरमा परिवर्तन ल्याई विकासको प्रतिफल हासिल गराउने,
- सडक सञ्जालको विस्तार,स्तरोन्नति तथा सुरक्षित ,गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।
- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयका भौतिक संरचनाहरुको निर्माण कार्य सुरु भई सेवा प्रवाह सरल,प्रभावकारी र जनमुखी भएको हुनेछ ।
- विद्युत विस्तार नभएको क्षेत्रमा विद्युतको विस्तार एवं ऐसेलुखर्क बजार क्षेत्र तथा वडा केन्द्रहरुमा सडक सौर्य बत्ती जडान भई **उज्यालो ऐसेलुखर्क अभियान** सुरु भएको हुनेछ ।
- गाउँपालिका भित्र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमीकमजोरीहरुलाई निवारण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाका व्यवस्था उपलव्ध हुनेछ ।

- गाउँपालिकामा गरिदैं आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याई कृषक,युवा,लक्षित वर्ग लाभान्वित हुनेछन ।
- विपद व्यवस्थापन पुर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिएको हुनेछ ।
- सार्वजनिक प्रशासन र सेवा प्रवाह चुस्त ,दुरुस्त,पारदर्शी,जवाफदेही एवं प्रभावकारी भएको हुनेछ ।

**(४) प्राथमिकता**

आ.व. ०७४/०७५ को बजेटको प्राथमिकताका क्षेत्रहरु निम्न बमोजिम रहेका छन ।

- सडक स्तरोन्नति तथा नयाँ सडक निर्माण
- कार्यालय व्यवस्थापन
- खानेपानी
- स्वास्थ्य
- शिक्षा
- युवा स्वरोजगार
- सुचना तथा संचार प्रविधि
- युवा तथा खेलकुद
- विद्युत
- गुणस्तरीय सेवा प्रवाह र सुशासन

उपस्थित गाउँसभाका आदरणीय अध्यक्षज्यु एवं सम्पूर्ण महानुभावहरु, अब म चालु आव ०७४/०७५ मा सञ्चालन हुने योजना तथा कार्यक्रम र सो को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सडक पुर्वाधार

सडक विकासको मेरुदण्ड हो । यस गाउँपालिकाभित्र रहेका सडकको अवस्था अत्यन्तै कष्टकर रहेको तथा गाउँपालिकाका धरै भूभागहरु सडक सञ्जालले जोडिन सकेका छैनन् । यसर्थ चालु आव भित्र गाउँपालिकाका सबै वडाहरुलाई गाउँपालिकाको केन्द्र ऐसेलुखर्क सम्म जोडिने तथा सबै मुल सडकहरुलाई स्तरोन्नति गरि बाह्रै महिना निर्वाध रुपमा सवारी आवातजावात गर्न सकिने स्तरको निर्माण गरिने नीति अनुरुप सडक पुर्वाधार विकासका लागि नेपाल सरकारको वित्तीय समानीकरण अनुदान अर्न्तगत ऐसेलुखर्क गाउँपालिकामा हस्तान्तरण भई प्राप्त भएको रकमबाट रु ४ करोड ८० लाख २० हजार विनियोजन गरिएको छ ।

२. शिक्षा

शिक्षा क्षेत्रको विकासविना समग्र विकास प्रक्रिया नै अन्धो हुन जान्छ । विद्यालय तहको शिक्षा सुधार एवं विभिन्न किसिमका शैक्षिक पुर्वाधारहरुको विकासमार्फत यस ऐसेलुखर्क गाउँपालिकाको शैक्षिक स्थिति मजबुत बनाउने लक्ष्य यस बजेटले लिएको छ । यसका लागि नेपाल सरकारको वित्तीय समानीकरण अनुदान अर्न्तगत ऐसेलुखर्क गाउँपालिकामा हस्तान्तरण भई प्राप्त भएको रकमबाट रु ३३ लाख विनियोजन गरिएको छ । साथै सशर्त अनुदानमार्फत नेपाल सरकारबाट प्राप्त रकममध्ये रु ६ करोड ९८ लाख ५२ हजार रकम विनियोजन गरिएको छ ।

३. सूचना तथा संचार

सूचना तथा संचार प्रविधिको विकासले समग्र विकासको स्तर निर्धारण गर्दछ । विद्यालय तहमा इन्टरनेट सेवा पुऱ्याउने , गाउँपालिका क्षेत्रभित्रका सबै सरकारी कार्यालयहरुमा वेभसाइट निर्माण गर्ने, सेवा प्रवाहमा सूचना तथा संचार प्रविधिको प्रयोग बढावा दिने तथा सूचना तथा संचार सुविधा नपुगेका क्षेत्रहरुमा सो को सेवा विस्तारका लागि आवश्यक पहल गरिने गाउँपालिकाको नीति अनुरुप यस क्षेत्रको समग्र विकासका लागि नेपाल सरकारको वित्तीय समानीकरण अनुदान अर्न्तगत ऐसेलुखर्क गाउँपालिकामा हस्तान्तरण भई प्राप्त भएको रकमबाट रु २० लाख विनियोजन गरिएको छ ।

४. खानेपानी

सफा र स्वच्छ खानेपानीको प्रयोग स्वस्थ जीवनयापनको आधार हो । प्रदुषित खानेपानीको प्रयोगले गाउँबासीहरुको स्वास्थ्यमा नकारात्मक असर परिरहेको साथै विभिन्न रोगहरुले संक्रमित तुल्याई आर्थिक हानी नोक्सानी पुऱ्याइरहेको अवस्था छ । साथै विभिन्न समयमा गएका बाढी पहिरो, भुक्षय तथा २०७२ सालमा गएको महाभुकम्पका कारण गाउँपालिकाका क्षेत्रमा रहेका खानेपानीहरुको मुहान एव खानेपानीका पाइपहरुमा गम्भीर क्षति पुऱ्याएको हुदाँ तत्काल यस समस्याको समाधानार्थ आवश्यक व्यवस्था गरिने नीति अनुरुप यस क्षेत्रको समग्र विकासका लागि नेपाल सरकारको वित्तीय समानीकरण अनुदान अर्न्तगत ऐसेलुखर्क गाउँपालिकामा हस्तान्तरण भई प्राप्त भएको रकमबाट रु ७० लाख १६ हजार विनियोजन गरिएको छ ।

५. युवा स्वरोजगार

आजका युवा राज्यनिर्माणका सिपाही हुन । आन्तरिक रोजगारीको अभाव एवं व्यवसायिक सीपको अभावमा गाउँपालिकाका धेरै युवाहरु यस क्षेत्रबाट पलायन हुनु परिरहेको छ । युवाशक्तिको प्रभावकारी प्रयोग र व्यवस्थापनबाट मात्रै विकासले सार्थकता पाउने कुरामा ऐसेलुखर्क गाउँपालिका स्पष्ट छ । यसर्थ गाउँपालिका क्षेत्रका १०० जना युवाहरुलाई युवा स्वरोजगार कार्यक्रममार्फत विभिन्न किसिमका सीपमूलक कार्यक्रम चालु आवभित्र सम्पन्न गरिनेछ र रोजगारीको अवसर सिर्जना गरिने नीति अनुरुप

नेपाल सरकारको वित्तीय समानीकरण अनुदान अर्न्तगत ऐसेलुखर्क गाउँपालिकामा हस्तान्तरण भई प्राप्त भएको रकमबाट रु २५ लाख विनियोजन गरिएको छ ।

६. स्वास्थ्य

स्वास्थ्य नै धन हो । नागरिकको स्वास्थ्यप्रति ऐसेलुखर्क गाउँपालिका सदैव सचेत रहेको छ । नेपालको संविधानले समेत आधारभूत स्वास्थ्य सेवालाई निशुल्क बनाउने व्यवस्था गरिसकेको सन्दर्भ छ । यद्यपि हाम्रो सन्दर्भमा यहाँका नागरिकले स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्राप्त गर्न सकिरहेका छैन । यस समस्यालाई गम्भीर रुपमा लिदैं चालु आवभित्र यस गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको भौतिक एवं अन्य पक्षको सुधारलाई गति दिइनेछ साथै स्वास्थ्य चौकीहरुमा समेत अत्यावश्यक औषधीहरुको पर्याप्तता सुनिश्चित गरिनेछ । यस्तै प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा एक पोष्टमार्टम गृहको व्यवस्था गरिनेछ । गभवर्ती महिलालाई स्वास्थ्य संस्थामै प्रसुति गराउने उद्देश्यले प्रसुतिको समयमा विरामीको घरबाट प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कसम्म आउनको लागि निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ । यी सम्पूर्ण कार्यक्रमहरुका लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदानबाट प्राप्त रकमबाट एकमुष्ठ रुपमा रु २ करोड ११ लाख ९० हजार रकम विनियोजन गरिएको छ ।

७. कृषि

कृषि क्षेत्र आर्थिक विकासको प्रमुख क्षेत्र हो । विविध समस्या र अभावका कारण यस गाउँपालिका क्षेत्रको कृषि क्षेत्र समृद्ध र आत्मनिर्भर बन्न सकेको छैन । आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्नु हाम्रो लक्ष्य रहेको छ । उन्नत बिउविजन, आधुनिक खेतिप्रणाली, खेतियोग्य जमिनको पूर्णसदुपयोग गर्दै यस क्षेत्रको विकासमार्फत समग्र ऐसेलुखर्कको विकासमा उच्च योगदानको अपेक्षा कृषि क्षेत्रबाट गर्न सकिन्छ । यसकारण यस क्षेत्रको विविध सुधारका लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदानबाट प्राप्त रकमबाट एकमुष्ठ रुपमा रु ७५ लाख ८० हजार ५ सय रकम विनियोजन गरिएको छ ।

८. पशुसेवा

पशुपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गदै एसेलुखर्क गाउँपालिकामा पशुपन्छी क्षेत्रको विकास गर्ने यस गाउँपाकिलाको नीति रहेको छ । यस क्षेत्रभित्र रहेका विविध समस्याहरुको समाधान गर्दै यस क्षेत्रलाई समृद्ध र सुरक्षित बनाउन नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदानबाट प्राप्त रकमबाट एकमुष्ठ रुपमा रु २३ लाख ५८ हजार ३ सय रकम विनियोजन गरिएको छ ।

९.पर्यटन

यस गाँउपालिकाको विकासका लागि पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन गरि धार्मिक सांस्कृतिक, ऐतिहासिक क्षेत्रको प्रचार प्रसार गरि यस क्षेत्रमा विकासका कार्याक्रम संचालन  गरिने छ। साथै हलेशी महादेवस्थान ऐसेलुखर्क,धर्मडाँडा,साल्पा पोखरी हुँदै सगरमाथा बेसक्याम्प सम्मको पदमार्ग विकासका लागि आवश्यक अध्ययन गरी क्रमागत रुपमा योजना सञ्चालन गरिने नीति अनुरुप रु १५ लाख विनियोजन गरिएको छ।

१०. धर्म र संस्कृति

धर्म र संस्कृतिले हामी सबै जात जाति तथा भाषाभाषीलाई मिलाएर राखेको छ। यिनीहरुको संरक्षण , सम्बर्द्धन तथा प्रर्वद्धन आजको आवश्यकता समेत बनेको छ। त्यसैले यस क्षेत्रभित्र रहेका पुरातात्विक महत्वका मठमन्दिर तथा गुम्बाहरुको संरक्षण गर्नुका साथै आवश्यकतानुसार नवनिर्माण समेत गरिनेछ। यसका लागि रु ३४ लाख रकम विनियोजन गरिएको छ।

११. लक्षित वर्गको विकास

आजको विकास प्रक्रियामा सामाजिक न्याय तथा समानता हुनु जरुरी हुन्छ । विकासका क्रियाकलापहरुले सबै वर्ग , क्षेत्र , सम्प्रदायलाई समेट्न सकेमा मात्र त्यो विकास दिगो र प्रभावकारी हुने गर्दछ। यसै पक्षलाई मध्यनजर गरी यस गाउँपालिका भित्र रहनुभएका महिला , दलित , ज्येष्ठ नागरिक , अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सम्मान तथा सशक्तिकरण गरिने नीति अनुरुप रु २३ लाख १० हजार रकम विनियोजन गरिएको छ।

१२. विद्युत

विद्युत क्षेत्रको विकासले चौतर्फी विकासमा प्रत्यक्ष सरोकार राख्दछ। चालु आवभित्र विद्युतसेवा नपुगेको गाउँपालिकाका क्षेत्रमा केन्द्रीय विद्युतलाइनमा जोड्न आवश्यक पहल यथाशीघ्र गरिनेछ र हाल सञ्चालित लघुजलविद्युतहरुको मर्मत सुधारलाई विशेष जोड दिइनेछ साथै ऐसेलुखर्क बजारक्षेत्र र हरेक वडाहरुको केन्दमा सौर्य सडक बत्ती जडान गरिनेछ। यसका लागि एकमुष्ठ रुपमा रु ३९ लाख २० बिस हजार विनियोजन गरिएकोछ।

१३. सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित बनाउदैं जनताको घरघरमै उपलब्ध गराउने व्यवस्था मिलाइने नीति अनुरुप यस क्षेत्रका लागि आवश्यक बजेट विनियोजन गरिएकोछ।

१४. विपद व्यवस्थापन

प्राकृतिक एव अन्य मानवीय कारणबाट जोखिममा परेका वर्ग , क्षेत्र एवं समुदायको आकस्मिक व्यवस्थापन एवं उद्धारका लागि गाउँपालिकाको केन्द्रमा एक विपद व्यवस्थापन कोष स्थापना गरिने र आवश्यकता एवं औचित्यताका आधारमा उक्त कोषबाट खर्च गरिने नीति अनुरुप सो कोषका लागि

नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमबाट रु २३ लाख ९४ हजार ९ सय ७४ रकम विनियोजन गरिएको छ ।

१५. सिँचाइ

गाउँपालिका क्षेत्रभित्र सिँचाइ सुविधा नपुगेका भुभागहरुमा कुलो मर्मत लगायत सिचाँइ सेवाका लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमबाट रु ११ लाख रकम विनियोजन गरिएको छ ।

१६. खेलकुद

खेलकुद क्षेत्रको विकासले समाजमा एकता, युवावर्गमा उत्साह तथा गाउँपालिकाको पहिचान अभिवृद्धिको मार्ग खुला गर्दछ । गाउँपालिका क्षेत्रभित्र वर्तमान सन्दर्भमा खेलकुद क्षेत्रका गतिविधिहरु एवं खेलकुदका पुर्वाधारहरु शुन्य प्राय रहेको हुदाँ आगामी दिनमा खेलकुद क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिनेछ । जसका लागि गाउँपालिका क्षेत्रभित्र एउटा पुर्वाधार युक्त खेलमैदान निर्माण आरम्भ गरिनेछ । साथै खेलाडीहरुको क्षमता विकासका लागि विभिन्न संघ संस्था एव व्यक्तिहरु सँग आवश्यक परामर्श गरिने यस गाउँपालिकाको नीति अनुरुप यस क्षेत्रको विकासका लागि रु २६ लाख ५० लाख रकम विनियोजन गरिएको छ ।

१७. समपुरक कोष

गाउँपालिकाको विविध विकास निर्माण प्रक्रियालाई समन्वयात्मक एवं सहकार्यको माध्यमबाट अगाडि बढाउन गाउँपालिकामा एक समपुरक कोषको व्यवस्था गरिएको छ । यसमा रु ४५ लाख रकम विनियोजन गरिएको छ ।

१८. कार्यालय व्यवस्थापन

अबको सन्दर्भमा गाउँपालिकाका सेवाहरुलाई व्यवस्थित एवं जनचाहनाअनुरुपको बनाउन कार्यालयहरुको व्यवस्थापन महत्वपूर्ण हुन्छ । यसर्थ गाउँपालिकाको केन्द्र तथा वडा कार्यालयहरुको भौतिक एवं अन्य पुर्वाधारहरुको व्यवस्थापनका लागि आवश्यक पर्ने संघीय संरचना पुर्वाधार विकास कार्यक्रम अर्न्तगत गाउँपालिकालाई प्राप्त रकम रु ४८ लाख विनियोजन गरिएको छ ।

१९. क्षमता विकास

गाउँपालिका क्षेत्रभित्र रहेका राष्ट्रसेवक कर्मचारीहरुको क्षमता विकास गर्दै उच्च मनोबलले सेवाप्रवाहमा तल्लीन गराईरहन समेत आवश्यक देखि यस बजेटमा आवश्यक रकमको व्यवस्था गरेको छु ।

२०. विविध : विकास सामुहिक प्रयास हो । निरन्तर प्रयासमार्फत नै कुनै ठाँउको विकास सम्भव हुन्छ । अझ यस गाउँपालिकाको सन्दर्भमा त केन्द्रबाट प्राप्त अनुदान तथा गाउँपालिकाको सीमित

आम्दानीबाट आम नागरिकको बृहत्तर आवश्यकतालाई सम्बोधन गर्नुपर्ने बाध्यता रहेको छ । यसर्थ विविध साना कार्यक्रम तथा योजनाहरु तथा आकस्मिक प्रकृतिका कार्यहरु सम्पन्न गर्न एकमुष्ठ रुपमा रु ३३ लाख रकम विनियोजन गरिएको छ ।

अन्तमा ,

निर्वाचित जनप्रतिनिधिहरुको बहालीपछि विकासले फड्को मार्ने आम जनताको आशालाई पुरा गर्नुपर्ने चुनौतीमाझ चालु आव ०७४/०७५ को बजेट प्रस्तुत गरिरहेको वर्तमान सन्दर्भ छ । विगतको असारे विकासको परिपाटीलाई अन्त्य गर्दै समयमा नै विकास प्रक्रियालाई अघि बढाउनुपर्ने आवश्यकता उत्तिकै छ । जनसहभागिता , सामाजिक न्याय , पारदर्शिता अनि विकास प्रक्रियाको दिगोपना वर्तमानको माग हो । यसका लागि सामुहिकता र इमान्दारिताको जरुरत पर्दछ । अत प्रस्तुत बजेटको कार्यान्वयन आजैका मितिदेखि  प्रभावकारी रुपमा लागु गरि यस क्षेत्रको विकासलाई नमुनाको रुपमा विकास गर्न, शान्त, सम्मुनत, समृद्ध अनि विकासशील गाउँपालिकाको पहिचान स्थापित गर्नका लागि आआफ्नो तहबाट उच्चतम योगदान गर्न हार्दिक अपील गर्दै मेरो भनाई यहीँ टुङ्ग्यादछु ।

धन्यवाद ।

उपाध्यक्ष
पुष्पकला भुजेल